वर्ष १८ | अंक २२५ | नेपाल संवत् ११४० | २०७७ असार १४ गते आइतबार | 28 June 2020 | पृष्ठ ४ | मूल्य रु. ५




एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




# कोरला सडकको ९० करोड फिर्ता

**एसके थकाली**
जोमसोम, १३ असार

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी–जोमसोम–कोरला सडक आयोजनाको करिब ९० करोड रुपैयाँ बजेट फिर्ता भएको छ । चालु वर्ष सरकारले उपलब्ध गराएको १ अर्ब ८० करोड रुपैयाँमध्ये आधा फिर्ता भएको कालिगण्डकी करिडोरको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ ।

आयोजनाको अनुमानित बजेट झन्डै ६ अर्ब हो । मुस्ताङतर्फको १ सय ८६ किलोमिटर उत्तर–दक्षिण जोड्ने सडकको बजेट काम हुन नसकी फिर्ता गएकोप्रति मुस्ताङका संघीय सांसद प्रेमप्रसाद तुलाचनले दुख व्यक्त गरेका छन् । उनले कोरला सडकलाई आएको बजेट फिर्ता भई तराईका जिल्लाका सडकलाई सरकारले रकम पठाएको बताए ।

सरकारले पठाएको बजेटबाट ५० प्रतिशतमात्र काम भएको करिडोर सडकका इन्जिनियर अश्विनीकुमार यादवले जानकारी दिए । चालु आर्थिक वर्ष विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड १९)ले सिर्जित लकडाउनका कारण सडक विस्तारको काम प्रभावित भई बजेट फिर्ता गएको इन्जिनियर यादवको भनाइ छ । ‘सडकलाई यो वर्ष १ अर्ब ८० करोड आएको थियो । बढी काम भएको भए थप बजेट आउने थियो । काम नभएपछि बजेट फर्कियो,’ इन्जिनियर यादवले भने ।

कोरला सडकको काममा सयौं उपकरण तथा हजारौं मजदुर परिचालन थिए । लकडाउनको तेस्रो महिना सडकको आंशिक काम हुन थालेको यादवले बताए । बेनी–जोमसोम–कोरला सडकको बेनी–जोमसोमको ३ खण्डमा केही मजदुर तथा उपकरणले काम गरेका छन् भने जोमसोम–कोरला सडकको चैले–भेना सडक र भैते–चराङ सडकखण्डमा केही मजदुर र उपकरणले आंशिक काम गरेको पाइएको छ ।

चालु वर्ष जोमसोम कोरला सडकमा साउनदेखि कात्तिकसम्म सडकको काम भए पनि अत्यधिक हिमपात र कोरोना कहरका कारण ८ महिनादेखि काम ठप्पै छ । बेनी–जोमसोम सडकको काम पनि लकडाउनले ठप्पै थियो ।

कामदार कोरोनाका कारण घर फर्किएपछि सडकको काम रोकिएको हो । म्याग्दीको तातोपानीदेखि थासाङको घासा र थासाङको घाँसादेखि कोबाङसम्म निर्माणको जिम्मा लिएको शर्मा गजुरमुखी जेभीले कोरोनो कहरका कारण स्थानीयले सहज रुपमा काम गर्न नदिएको बताएको छ ।

सडकका प्रोजेक्ट मेनेजर नरेन्द्र न्यौपानेले म्याग्दी खण्डको काभ्रेभीरमा सडकको ग्रेड मिलान र अन्य स्थानमा नाली निर्माण र सबवेसको काम भएको तर मुस्ताङ खण्डमा स्थानीयको अवरोधले काम हुन नसकेको जनाए । म्याग्दीको पहिलो खण्डको राहुघाटदेखि तातोपानी खण्डमा पनि आंशिक काम भएको छ । शर्मा गजुरमुखीले यसै आर्थिक वर्षमा मुस्ताङ खण्डमा कालोपत्रे गर्ने लक्ष्य लिएको थियो । अहिले त्यहाँ स्थानीयको अवरोधपछि सडक कालोपत्रेका लागि फिनिसिङका काम बाँकी रहेको प्रोजेक्ट मेनेजर न्यौपानेले बताए ।

बाँकी पृष्ठ ४

# ३ वर्षे शिशुले जिते कोरोना

**अनुप पौडेल**
पोखरा, १३ असार

छोरामा कोरोना संक्रमण पुष्टि भएपछि स्याहारसुसारका लागि आइसोलेसन बसेकी स्याङ्जा अर्जुनचौपारी ४ की १९ वर्षीय सरीता परियार घर फर्किएकी छन् । ३ वर्षे छोराको दोस्रो रिपोर्ट नेगेटिभ आएपछि छोरासहित सरीता शनिबार घर फर्किएकी हुन् । १३ जेठमा भारतबाट परिवारका ६ जना सदस्यसँगै गाउँ फर्किएकोमा ३ वर्षे छोरामा ३० जेठमा संक्रमण पुष्टि भएको थियो ।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको पिसिआर नेगेटिभ भएपछि घर फर्काउने निर्देशन अनुसार असार ९ गते ४१ जनाको स्वाब लिइएको थियो । कारोना पोजेटिभ हुँदाहुँदै आइसोलेसनमा बसेकाहरु आन्दोलन गरेर घर जान खोजेको बताउँदै सरीताले २ पटक परीक्षण गरेर सुरक्षित भएपछि घर जाने व्यवस्था गरेकोमा सरकारलाई धन्यवाद दिइन् । घर पुगेपछि केही दिन एक्लै बस्ने बताउँदै उनले सबैलाई सुरक्षित रहन आग्रह गरेकी छन् । सरीता स्याङ्जाको हेलुस्थित कालिका सामुदायिक अस्पतालको आइसोलेसनमा थिइन् ।

कालिकामा उपचाररत ३ वर्षे शिशुसहित ३४ जना कोरोना संक्रमित निको भएर एकैदिन शनिबार घर फर्किएका छन् । आइसोलेसनमा बसेका ५ पालिकाका ३४ जना शनिबार घर फर्किएको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख यामप्रसाद शर्माले जानकारी दिए ।

निको हुनेमा गल्याङ नगरपालिकाका १६, वालिङ नगरपालिकाका १०, आँधीखोला गाउँपालिकाका ४, अर्जुनचौपारी गाउँपालिकाका १ र भीरकोट नगरपालिकाका १ जना छन् । सामुदायिक अस्पतालमा उपचाररत ४१ संक्रमितको स्वाब परीक्षणका लागि पोखरा पठाइएकोमा ३४ जनाको नेगेटिभ आएपछि घर पठाइएको हो ।

### स्याङ्जामै १२ महिने शिशुमा कोरोना देखिएपछि संक्रमण नभएकी आमा पनि आइसोलेसनमा

बाँकी ७ जनाको रिपोर्ट दोस्रोपटक पनि पोजेटिभ आएको छ । अस्पतालमा उपचाररत वालिङ नगरपालिकाका ४ संक्रमितलाई नगरपालिकाले आफ्नै आइसोलेसनमा लगेको स्वास्थ्य कार्यालय प्रमुख शर्माले बताए ।

वालिङ नगरपालिकाले १४ संक्रमितको उपचार आफैले बनाएको आइसोलेसनमा गरिरहेको छ । ‘हेलुबाट आज ४ जना आउनुभयो । सबै गरेर यहाँ १४ जना हुनुहुन्छ । अझै बेड थप्दैछौं,’ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले भने । स्याङ्जामा शनिबार साँझसम्म १ सय ६४ जनामा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यालय प्रमुख शर्माले जानकारी दिए । कोरोना भाइरसलाई जितेर शनिबार घर फर्किएकासहित गरेर स्याङ्जामा निको हुनेको संख्या ५५ पुगेको छ ।

**१२ महिने शिशुमा कोरोना, आमाबुवामा छैन**

स्याङ्जामा शनिबार बिहान १६ पुरुष र ६ महिला गरी ३२ जनामा कोरोना पोजेटिभ पुष्टि भयो । संक्रमितमध्ये १९ जना अर्जुनचौपारी गाउँपालिकाका हुन् । १९ संक्रमितमध्ये १२ महिनाका १ शिशुमा पनि कोरोना पोजेटिभ देखिएको छ । तर उनका आमाबुवामा भने कोरोना संक्रमण छैन ।

संक्रमित शिशुकी २२ वर्षे आमा र २५ वर्षका बुवामा कोरोना संक्रमण नदेखिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ईश्वरकुमार केसीले जानकारी दिए । उनले भने, ‘संक्रमित बच्चाको आमाबुवाको नाम र उमेर हेर्‍यौं । तर रिपोर्ट नेगेटिभ रहिछ । कसरी सर्‍यो खोज्दै छौं ।’ गएको ३१ जेठमा ती आमाबुवा शिशुसहित भारतबाट आएर क्वारेन्टाइनमा बसेका थिए ।

कोरोना पोजेटिभ देखिएका गाउँपालिकाका सबै १९ जना वडा नम्बर ५ को कालिका प्रावि क्वारेन्टाइनका रहेको स्वास्थ्य शाखा प्रमुख केसीले बताए । भारतबाट आएर क्वारेन्टाइनमा बसेका सबै ४१ जनाको स्वाब परीक्षणका लागि ५ असारमा पोखरा पठाइएको थियो । तीमध्ये १९ को पोजेटिभ र २२ जनाको रिपोर्ट नेगेटिभ आएको हो । नेगेटिभ आएकाहरु संक्रमितको सम्पर्कमा आए/नआएको यकीन गरेरमात्रै घर पठाइने भएको छ ।

‘संक्रमित भेटिएको क्वारेन्टाइनमा नेगेटिभ रिपोर्ट आउने पनि हुनुहुन्छ । ५ गते स्वाब लिएकाले यत्तिकै घर पठाउन मिल्दैन,’ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद गौतमले भने, ‘नेगेटिभ आउनेहरु अरुसँग कत्तिको हेलमेल हुनुभयो । दुरी कायम गर्नुभयो/भएन भन्ने बुझेर मात्रै पठाउँछौं ।’

संक्रमण पुष्टि भएका १९ सहित संक्रमित शिशुकी आमालाई पनि हेलुस्थित कालिका सामुदायिक अस्पतालको आइसोलेसनमा पठाएको प्रमुख प्रशासकीय अधिकृत गौतमले जानकारी दिए । उनका अनुसार गाउँपालिकाको क्वारेन्टाइनमा अहिले ९२ जना बसिरहेका छन् । तीमध्ये ८१ जना भारतबाट र ११ जना तेस्रो मुलुकबाट आएका हुन् । गाउँपालिकाले बाहिरबाट आएकालाई राख्न विभिन्न ६ ठाउँमा क्वारेन्टाइन बनाएको छ ।


घर फर्किंदै कोरोनामुक्त भएका ३ वर्षे शिशु र उनकी आमा

गण्डकी प्रदेशमा शनिबार साँझसम्म ८ सय ५४ मा कोरोना संक्रमण पुष्टि भएको छ । १ सय ५२ जना यसअघि नै निको भएर घर फर्किएका छन् । अहिलेसम्म संक्रमितमध्ये स्याङ्जाको वालिङ नगरपालिका र अर्जुनचौपारी गाउँपालिकाका क्रमश ५८ र ५५ वर्षे २ पुरुषको मृत्यु भएको छ ।

# प्रहरीको निसानामा फरार प्रतिवादी

**ईश्वर देवकोटा**
पोखरा, १३ असार

लागुऔषध मुद्दामा २०७५ असोज २ गते कास्की जिल्ला अदालतले कास्कीले पोखरा १३ माटेपानीका ३७ वर्षीय हर्कजंग गुरुङलाई ३ महिना १५ दिन कैद सजायको फैसला सुनायो । उक्त मुद्दामा दोषी ठहर गुरुङले प्रहरीलाई छलिरहेका थिए । फैसला भएको लामोसमयसम्म पनि प्रहरीसँग लुकामारी गर्दै कानुन छल्न कोसिस गरेका उनको प्रयास विफल भएको छ । असार १० गते कास्की प्रहरीको टोलीले माटेपानीबाटै उनलाई पक्राउ गर्‍यो । गुरुङलाई पक्राउ गरी अदालतमा पेस गरिसकेको कास्की प्रहरी प्रवक्ता डिएसपी सुवास हमालले जानकारी दिए । गुरुङ यसअघि पनि सोही मुद्दामा २ वर्ष कैद र १ लाख जरिवाना भुक्तान गरिसकेको प्रहरीको अभिलेख छ ।




गुरुङसहित अन्य मुद्दामा दोषी ठहर भएका ४ जनालाई कास्की प्रहरीले २ दिनको बीचमा पक्राउ गर्‍यो । त्यसैक्रममा असार ११ गते नकबजनी चोरी मुद्दामा दोषी ठहर भएका गोरखा आरुघाट घर भई पोखरा २ विन्ध्यवासिनी बस्ने ३० वर्षीय विकास गुरुङ पक्राउ परे । २०७३ जेठ १४ गते जिल्ला अदालतले गुरुङलाई चोरी मुद्दामा ४५ दिन कैद र १ लाख ४८ हजार ८ सय ३४ जरिवाना फैसला सुनाएको थियो । अनुसन्धानको क्रममा उनको २७ दिन कैद र १ लाख रुपैयाँ धरौटीबाट भुक्तान भइसकेको थियो । अन्तिम फैसलाबाट तोकिएको सजाय पूरा नगरी गुरुङ फरार थिए । गुरुङलाई पक्राउ गरी अदालतमा पेस गरिएको प्रवक्ता हमालले जानकारी दिए ।

अदालतले गरेका फैसला कार्यान्वयनलाई तीव्रता दिँदै फरार प्रतिवादीहरुको खोजी जारी राखेको प्रवक्ता हमालले सुनाए । ‘न्यूनतम कैद सजाय सुनाइएका तर विभिन्न मुद्दामा फरार प्रतिवादीहरुलाई पक्राउ गरी कानुनको दायरामा ल्याउँदै छौं,’ उनले भने, ‘फरार व्यक्तिहरु कास्कीमा मात्र नभई विभिन्न ठाउँमा थिए । अहिले लकडाउनमा कतिपय फर्केर पनि आए । थोरै कैद सजाय भएका प्राथमिकतामा थिएनन् होला । तर अहिले सबैलाई उत्तिकै प्राथमिकता दिएर कारवाहीको दायरामा ल्याउँछौं ।’

### अदालतबाट दोषी ठहर भएकालाई कानुनी कारवाहीमा ल्याउन अन्तर निकायको समन्वय अभावले फैसला कार्यान्वयनमा ढिलाई

यसै महिना भित्रमा धेरै भन्दा धेरै फरार प्रतिवादीहरुलाई पक्राउ गरी फैसला कार्यान्वयनमा जोड दिन मातहतका कार्यालयलाई निर्देशन दिइसकेको प्रवक्ता हमालले बताए । कास्की प्रहरीले त्यस्तै प्रकृतिको सवारी ज्यान मुद्दामा ४ दिन कैद सजाय बाँकी रहेका १ जनालाई असार १२ गते पक्राउ गरेको छ । २०६५ असार २४ गते कास्की अदालतबाट दोषी ठहर गरेका म्याग्दी अन्नपूर्ण गाउँपालिका ४ घर भई पोखरा ११ फूलबारी बस्ने ५९ वर्षीय बोमबहादुर पुनलाई प्रहरीले पक्राउ गरेको हो । वडा प्रहरी कार्यालय रामबजारको टोलीले फरार रहँदै आएका पुनलाई पक्राउ गरेको प्रवक्ता हमालले जानकारी दिए ।

सोही दिन लेनदेन मुद्दामा दोषी ठहर भई फरार रहँदै आएका पोखरा ५ जिरो बस्ने ४२ वर्षीय दुर्गाबहादुर सेन्चुरीलाई प्रहरी पक्राउ गरेको थियो । अदालतले ०७६ साउन १३ गते पत्र आदेशानुसार लेनदेन मुद्दामा उनलाई १ वर्ष कैद सजाय सुनाएको थियो । उक्त मुद्दामा लेनदेन बिगो बापत कैद फैसला भएपछि उनी फरार थिए । वडा प्रहरी कार्यालय बैदामको टोलीले पक्राउ गरी जिल्ला अदालतमा पेस गरेको प्रवक्ता हमालले बताए ।

फैसला भएको वर्षौपछि मात्र फरार प्रतिवादी पक्राउ पर्नुले फैसला कार्यान्वयनमै सुस्तता देखिन्छ । अन्तर निकाय समन्वयको अभाव, पुष्टि विवरण उपलब्धततामा कमजोरी लगायत यसका कारणहरु बन्दै आएका छन् । यद्यपि प्रहरीले फैसला कार्यान्वयनमा उत्तिकै प्राथमिकताका साथ काम गर्ने गरेको कास्की प्रहरी प्रवक्ता हमाल बताउँछन् । उनी भन्छन्, ‘कतिपय अवस्थामा अदालत र हाम्रो समन्वय नमिलेको हुनसक्छ । उताबाट पूरा डिटेल नआउने समस्या पनि छन् । यहाँ अपराध गरिसकेपछि अन्य जिल्लामा गएर (दोषी) बस्ने गर्दा फैसला कार्यान्वयनमा समस्या आएको हो ।’



## सम्पादकीय

# अलमलमै आएको चौथो बजेट

कानुनी व्यवस्था पालना गर्दै मुलुकका धेरैजसो स्थानीय तहले असार १० भित्रै बजेट ल्याएका छन् । कतिले पारित नै गरिसके भने कति छलफलकै क्रममा छन् । मुलुकमा संघीयता कार्यान्वयन भएपछि स्थानीय तहले ल्याएको यो चौथो बजेट हो । यसअघिका वर्षमा नीति तथा कार्यक्रम अनुसारको बजेट कार्यान्वयनमा विभिन्न खालका बाहाना देखाइयो । यस वर्ष त ३ तहकै सरकारलाई कोरोना असाध्यै सजिलो बहाना बनेर आइदियो । सरकारका लागि मात्र होइन यो कोरोना चुनौती बनेको छ । कोरोना संक्रमणको प्रत्यक्ष असर भोगिरहेको अहिलेको असरभन्दा पनि यसले दीर्घकालीन रुपमा पार्ने आर्थिक प्रभाव थेगिनसक्नुको हुनेछ । विकासको एउटा डोरो समातेर हिँड्न लागेका ३ तहकै सरकारले अहिले कोरानाकै कारण प्राथमिकता परिवर्तन गरेका छन् । संघ, प्रदेश र स्थानीय तहका सरकारले ल्याएको बजेटको आकार नै खुम्चिएको छ । चालु आर्थिक वर्षमा खर्च हुन नसकेको रकमलाई जोड्दा त्यति आकारको बजेट पुगेको हो । तर यो बजेट कार्यान्वयनको चरणमा जाँदासम्म अवस्था के हुन्छ, कसैले आँकलन गर्न सकेका छैनन् ।

हो, कोरोनाले नेपालीका लागि एउटा अवसर ल्याइदिएको छ भनिन्छ । युवाशक्ति यथेष्ट नभएको हाम्रो मुलुकमा गतिलो नीति नभएकै कारण जनसांख्यिक लाभ लिन नसकेको आरोप सरकारले खेपिरहेको छ । युवालाई गाउँमै टिकाउन होस या गाउँमा बेरोजगार भएर जीवन यापन गरिरहेका युवाका लागि सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्यायो । शीर्षक जति ओजिलो छ, कार्यक्रम त्यति प्रभावकारी बन्न सकेन । त्यसो त पञ्चवर्षीय योजना सुरु भएदेखि नै सरकारले बर्सेनि ल्याउने बजेट असाध्यै महात्वाकांक्षी नै छन् । बजेट कार्यान्वयनको पक्ष अर्थात् बजेटले विकासमा पारेको सकारात्मक असरका बारेमा घोत्लिने हो भने साह्रै दिक्क लागेर आउँछ । सरकारी बजेट बालुवामा पानी सरह भएको प्रत्यक्ष देख्न सकिन्छ । संघीयतामा सरकार जनताको नजिक पुग्छ भनिन्छ । त्यही भएको छ पनि । स्थानीय तह अधिकार सम्पन्न छन् । उनीहरु आफ्नो कानुन र बजेट बनाउन अनि कार्यान्वयन गर्न पाउँछन् । चौथो वर्षको बजेट आइसक्दासम्म स्थानीय तहले कति प्रभावकारी रुपमा काम गर्न सके अब मूल्यांकन गर्ने बेला आइसकेको छ ।

स्थानीय तहको चुनावका बेला उम्मेदवारहरुको प्रतिबद्धता सुन्दा जति आनन्द आएको थियो, अहिले उनीहरु मैदानमा उत्रेर काम गरेको देख्दा उदेक मान्नुपर्ने अवस्था छ । पहिलो, दोस्रो वर्ष त उनीहरु सिक्दै थिए । त्यो सिकाइ अनुसारको नतिजा व्यवहारमा देखिनुपर्ने हो कि होइन त ? ५ वर्षे कार्यकाल सकिनु ६ महिना अघि नै स्थानीय तहको चुनाव भइसक्नु पर्छ । अर्थात् आउने वर्षको स्थानीय तहका पदाधिकारीको अन्तिम वर्ष हुनेछ । बितेका वर्षमा प्रतिबद्धता जनाएका र गर्न नसकेका काम गरेर देखाउने यही वर्ष नै हो । तर सबैजसो तहको कार्यसम्पादन हेर्दा दिन बिताउने र बजेट सक्ने वाहेक नागरिकले अनुभूति गर्ने खालका र दीर्घकालीन विकास हुने खालका केही पनि उपलब्धि हासिल नगरी जनप्रतिनिधि बिदा हुँदैछन् । जनप्रतिनिधिले काम गर्न नसक्नु भनेको उनीहरुको असफलता मात्र हुनेछैन् । त्यसको नकारात्मक फल त हामी जनताले भोग्नुपर्छ । सबैजसो स्थानीय तहले संघ सरकारलाई पछ्याउँदै स्वास्थ्य केन्द्रित बजेट ल्याएका छन् । भन्दा स्वास्थ्य र कृषिले महत्व पाए पनि बजेटमा भने भौतिक पूर्वाधारले नै प्राथमिकता पाएको छ सबैतिर । अझै पनि समय बाँकी छ, एक स्थानीय तहले कम्तीमा एउटै मात्र भए पनि उदाहरणीय कार्य गरेर देखाउन सक्छ । यसका लागि चाहिने मात्र इच्छा शक्ति हो ।

समाधान
राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

सूर्य उत्तरायण, ग्रीष्मर्तुः, प्रमादी नाम संवत्सर, श्रीशाके १९४२, सम्वत २०७७ साल असार १५ गते सोमबार नेपाल सम्बत ११४० दिल्लाथ्व तदनुसार, सन् २०२० जून २९ तारिक शुक्लपक्ष नवमी तिथि राती ९ वजेर ३८ मिनेटसम्म, हस्ता नक्षत्र विहान ७ वजेर २४ मिनेटसम्म, परिघयोग, बालवकरण, आनन्दादियोग वज्र, सूर्य मिथुन राशीमा, चन्द्रमा अपरान्ह ६ बजेर ३३ मिनेटसम्म कन्या उप्रान्त तुला राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७
gurupatrakar@gmail.com

# पर्यटन क्षेत्रमा कोरोनाको प्रभाव



**वैकुण्ठराज तिमसेना**

**सरकारी स्तरबाट पर्यटन व्यवसायीका लागि तत्कालै सञ्जिवनीयुक्त राहतको घोषणा गरी निजी क्षेत्रको मनोबल उँचो राख्न आवश्यक छ**

सन् २०१९ को अन्त्यतिर चीनको वुवान प्रान्तबाट सुरु भएको नोबेल कोरोना भाइरसको प्रभावले सबै क्षेत्रमा गहिरो असर पारिरहेको छ । इबोला भाइरस, हङकङ भाइरस, एसियन फ्लु, हान्त भाइरस, जिका, एमाइन इन्फ्लुएन्जाजस्ता विभिन्न समयमा देखा परेका रोगको कारणवाट वातावरणमा धेरै परिर्वतन आएको छ । संसारको जनसंख्या तीब्ररुपमा बृद्धि भइ शहरीकरण हुनु, ग्लोबल यातायातको सुविधा हुनु, जस्ता कारणवाट यो नोबेल कोरोना भाइरस तुरुन्तै संसारभर फैलिन सफल भयो । साथै कुनै पनि भ्याक्सिन तथा औषधी नभएका कारणवाट यसवाट बाँच्नको लागि खालि सामाजिक दुरी कायम राख्नु, आइसोलेसनामा रहनु, स्यानिटाइजर वा साबुन पानीले बारम्बार हात धुनु मात्र यस रोगबाट बच्ने उपाय हुन । फलस्वरुप, संसारभर सम्पूण व्यापार व्यवसाय बन्द, यातायात बन्द, सम्पूर्ण आन्तरिक तथा वाह्य हवाइक्षेत्र पूर्णत बन्द, स्कुल कलेज, विश्वविद्यालय पूर्णत बन्द रहेका छन् ।

संसारमै फैलिरहेको कोरोनाबाट नेपाल पनि अछुतो हुने कुनै कारण छैन र नेपाल पनि यस रोगबाट ग्रस्त प्राय भइसकेको छ । अब यस रोगबाट बच्न एकान्तवासमा रहने, सामाजकि दुरी कायम राख्ने, नाक, मुख, आँखा बन्द गर्ने, जस्ता सावधानी अपनाउनुको विकल्प छैन । त्यसैले हामी सबैले आफ्नो जीवन जिउने कलामा व्यापक परिर्वतन ल्याउनु आवश्यक छ ।

विगत ६ महिनादेखि देखा परेको कोरोना भाइरसले अहिल्यै नै हरेक क्षेत्रमा गहिरो प्रभाव पारिसकेको छ र यसको अन्त्य अनिश्चित भएकोले भविश्यमा कति असर पार्न सक्ला त्यो त हेर्न बाँकी नै छ । कोरानाको असरले यसले आपूर्ति क्षेत्र, पर्यटन क्षेत्र, उत्पादनमूलक क्षेत्र, लगानीका क्षेत्र, लगायतमा गहिरो प्रभाव परिरहेकोले कुलग्राहस्थ उत्पादन दरलाई कम हुने निश्चित छ ।

अर्थतन्त्रमा विभिन्न गतिविधिमध्ये निश्चित समयावधिमा राष्ट्रभित्र भएका वस्तु तथा सेवाको कुल कारोवार रकमलाई मुद्रामा मापन गरिन्छ भने त्यो कुल ग्राहस्थ उत्पादन हो । ग्राहस्थ उत्पादन कम हुनुको पछाडि कच्चा पदाथको अभाव हुनु, मागमा कमी आउनु, आपूर्तिमा विभिन्न कारणबाट व्यावधान उत्पन्न हुनु कारण प्रमुख छन् । समयको अनिश्चितताको कारणबाट पनि लगानी कर्ताहरुले लगानी गर्न हिचकिचाइरहेका छन्, समय पछाडि सारिरहेका छन्, वा त्यसका बारेमा पुनर्विचार गरिरहेका छन् । विश्व महामारीको रुपमा फैलिएको संक्रमण र यसको त्रासले ठप्प मानवीय क्रियाकलापले अर्थतन्त्रमा शिथिलता आएको छ, जसबाट आर्थिक बृद्धिदरमा नकारात्मक असर पर्ने पक्का छ । अघिल्लो वर्ष र पछिल्लो वर्षमा वास्तविक कुल ग्राहस्थ उत्पादनमा भएको परिर्वतनलाई प्रतिशतमा नापिन्छ भने त्यसलाई आर्थिक बृद्धिदर भनिन्छ ।

अर्थतन्त्रका विभिन्न क्षेत्रमा प्रभाव पारिरहेको वर्तमान अवस्थामा पर्यटन व्यवसाय पनि यसबाट अछुतो रहेको छैन् । हरेक देशले पर्यटन व्यवसायको माध्यमबाट ब्यापारको सिर्जना, रोजगारीको सिर्जना, विदेशी मुद्रा आर्जन, संस्कृति आदानप्रदान, खुसी साटासाट, यातायात, हवाई यातायात, आवास, खाद्यान्न तथा पेय पदार्थ, मनोरञ्जन लगायत धेरै उद्योग व्यवसाय, लगायतको क्षेत्रमा अनेक फाइदा लिन सकिन्छ । सामान्यत पर्यटक एक व्यक्ति हो जो आफ्नो स्थानबाट अन्य स्थानमा व्यापार, व्यवसाय, सेवा, मनोरन्जन, सामाजिक कार्य र आनन्दका लागि एक वर्ष भन्दा कम अवधिको लागि जाने कार्यलाई जनाउँछ । पर्यटनको क्षेत्रमा कोरोनाको कारणबाट लाखौं कामदार बेरोजगार भइरहेका छन् । जुन इतिहासमा कहिल्यै पनि भएको थिएन । विश्व पर्यटन संगठनका अनुसार, संसारभर छयानब्वे प्रतिशत पर्यटकीय क्षेत्रमा प्रतिबन्ध लगाइएको छ, यात्रामा प्रतिबन्ध लगाइएको छ जसको कारण करिब ९० प्रतिशत कामदार रोजगारीबाट अलग भै सकेका छन् । पर्यटन क्षेत्र संसारको सवै भन्दा ठूलो आर्थिक कारोवार गर्ने क्षेत्र हो । यसले रोजगारमात्र सिर्जना गर्दैन, निर्यात र संसारभर प्रगतिको लागि काम गर्दछ ।

पर्यटन क्षेत्रले संसारभर अमेरिकी डलर ८ दशमलब ८ ट्रिलियन वार्षिक आम्दानी र ३१९ मिलियन रोजगार सिर्जना गरिरहेको छ । सन् २०१९ को सर्वेक्षण हेर्ने हो भने पर्यटनक्षेत्रबाट ग्लोबल कुल ग्राहस्थ उत्पादनमा १० दशमलब ४ प्रतिशतको योगदान देखिन्छ । जुन तथ्यांकले पर्यटन क्षेत्रको योगदानलाई मापन गर्न सकिन्छ । यसको अर्थ पर्यटन व्यवसाय धेरै गहिरो र बृद्धि भइरहने व्यवसाय हो । यस व्यवसायमा मागको सिर्जना, आर्थिक क्रियाकलाप, विकास, ग्लोबल मापदण्ड कायम गर्नु पर्ने र अत्याधिक प्रयोगको कारणबाट हरेक क्षेत्रमा यसको सकारात्मक प्रभाव रहने गर्दछ ।

तर घरमा नै बस्नु पर्ने तथा आय आर्जनका सबै बाटाहरु बन्द भएका कारणबाट पर्यटन क्षेत्रमा असामान्य गिरावट आएको छ । सायद दोस्रो विश्व युद्धपछिको यो नै भयंकर रुप हुनु पर्दछ, र यो गिरावट कहिलेसम्म रहन्छ भन्ने पनि आँकलन गर्न सकिने अवस्था पनि छैन ।

विश्व इकोनोमी फोरमका अनुसार पर्यटन व्यवसाय संसारमै ठूला व्यवसायमध्ये एक हो । जसले वार्षिक ८ दशमलब ८ ट्रिलियन अमेरिकी डलर आम्दानी गर्दछन् । सन् २०१९ को वर्षमात्र खास गरी स्पेन, जर्मनी, जापान, अमेरिका, बेलायत, अस्ट्रेलिया इटाली क्यानडा र स्वीजरल्याडले पर्यटन व्यवसायबाट सबैभन्दा धेरै आम्दानी गर्ने मुलुकमा रहेको देखिन्छ । यी सबै देश विविध धर्म संस्कृति, प्रकृतिक स्रोत, आधुनिक साधन र स्रोत, स्वागत गर्न सक्ने खुबी लगायतले पर्यटक आर्कषण गर्न सफल भएका हुन् ।

नेपालमा पर्यटन उद्योग ठूलो उद्योगका रुपमा स्थापना भएका छन् । यसका पछाडि धेरै कारणहरु रहेका छन् । जस्तो, लोल्नी प्लानेटका अनुसार नेपाल विश्वका विभिन्न उत्कृष्ट गन्तव्यमध्ये पाँचौ गन्तव्य भनी उल्लेख गरेका छ, भने ट्रिप एड्भाइजरीले सन् २०१९ को आफ्नो प्रतिवेदनमा विश्वका २५ औं प्रख्यात गन्तव्यमध्ये नेपाल १९ औं गन्तव्य भनी उल्लेख गरेको पाइन्छ । वर्ल्ड ट्राभल्स एन्ड टुरिजम काउन्सिलका अनुसार सन् २०१९ को अन्त्य सम्ममा नेपालमा करिब २२ बिलियन रुपैयाँ लगानी भइसकेको र सन् २०२८ सम्ममा यो लगानी करिब २९.४ बिलियन पुग्ने लक्ष्य छ । यो लगानी नेपालमा हालसम्म भइरहेको वैदेशिक लगानीको करिब ५० प्रतिशत हुन आउँछ । साथै, यो लगानी दीर्घकालीन लगानी भएका कराणले होटल तथा रिर्सोट निमार्णमा प्रयोग भएको छ ।

जसको कारणबाट देशलाई ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गरिदिने र राज्यलाई करको रुपमा ठूलो मात्रामा राजस्व जम्मा गरिदिने कार्य गरिआएका छन् । संसारका १० अग्ला हिमालहरु नेपालमा नै हुनु, प्राकृतिक मनोरम दृश्य हुनु, हिन्दु राष्ट्र, भगवान बुद्धको जन्मभूमि, पशुपतिनाथ, मुक्तिनाथ लगायत पनि नेपालको पर्यटनको लागि आर्कषणको कारण रहेको छ । यसबाहेक, ट्रेकिङ, चरा चुंरुगी अवलोकन, तातोबेलुन, बन्जीजम्प, प्याराग्लइडिङ, अल्ट्रालाइट एयरक्राफ्ट, माउन्टेन बाइक, जंगल सफारी, माउन्टेन फ्लाइट, रक क्लाइम्बिङ लगायतको पनि पर्यटनका लागि आर्कषण भूमि नेपाल हुँदै आएको छ । यसै गरी मानिसको इमान्दारिता, स्वागत गर्ने कला, संस्कृति, विभिन्न चाडपर्व, रितिथिति, चालचलन, पर्यटकलाई आर्कषण गर्ने अन्य क्षेत्र हुन् ।

नेपालमा पर्यटन क्षेत्रवाट सन् २०१९ को विश्व ट्राभल एन्ड टुरिजम काउन्सिल रिर्सचको रिर्पोट अनुसार २ सय ४० दशमलब ७ बिलियन आम्दानी र १ दशमलब ०५ मिलियन रोजगार सिर्जना गरेको देखिन्छ । साथै अत्याधिक रोजगारको सिर्जना गरी, राष्ट्रिय आयमा रोजगारको बजार र करको माध्यामबाट सरकारलाई पर्यटनको क्षेत्रबाट कुल ग्राहस्थ उत्पादनमा ७.९ प्रतिशत योगदान दिएको देखिन्छ । यसबाट अर्थतन्त्रमा पारेको प्रभाव ज्यादै उच्च छ ।

विसं २०७२ को महाभूकम्पपछि देशमा अर्थतन्त्रमा आएको कमजोर प्रभावलाई पर्यटन व्यवसायवाट नै टेवा पुऱ्याएको र अर्थतन्त्रलाई सबल बनाउन मद्धत गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको सन् २०१९ को तथ्यांक हेर्दा १ हजार २ सय ५४ स्टार तथा पर्यटकस्तरीय होटलबाट मात्र वार्षिक ६ सय १७ दशमलब ६ मिलियन अमेरिकी डलर परिर्वतन गरिएको देखिन्छ ।



एसियन विकास बैंकको हालैको सर्वेक्षण अनुसार कोरानाको नकारात्मक प्रभावको कारणबाट आर्थिक बचतमा ० दशमलब १३ प्रतिशतले ह्रास आइसकेको छ तर यसको असर अझै मापन गर्न सक्ने अवस्था नआएकोले यो खाडल अझ गहिरो अवश्य हुने छ । पर्यटन वर्ष २०२० मनाउन तयार भएरहेको अवस्थामा देखा परेको असरले २० लाख पर्यटक भित्र्याउने लक्ष्य केबल लक्ष्यमा नै सिमित रहनाले पर्यटन क्षेत्रबाट राष्ट्रले लिइरहेको कुल ग्राहस्थ उत्पादनको करिब ८ प्रतिशतको योगदान शून्य प्राय रहने देखिन्छ ।

यसैगरी प्राथमिकताका साथ पर्यटन क्षेत्रमा लगानी गरिहरेका बैंक तथा वित्त कम्पनीहरु पनि यस रसातालमा डुब्ने स्थितिमा छन् । नेपालमा विदेशी मुद्राको भरप्रदो स्रोत नै पर्यटन व्यवसाय हो । यसको ह्रासले देशमा विदेशी मुद्रा आर्जन ठप्प रहेकोले देशमा विदेशी मुद्राको अभाव हुने निश्चित प्राय छ ।

अर्थतन्त्रमा उल्लेखित योगदान रहँदा रहँदै पनि कतिपय देशहरुले पर्यटकहरुलाई दिगो रुपमा आर्कषण गर्न नसकिरहेका अवस्थामा नोबेल कोरोना महामारी पश्चात् यस व्यवसायलाई पुन सञ्चालन गरी टिकाइरहन धेरै गाह्रो देखिन्छ । हालसम्म कोरोनाको उपचारका लागि कुनै पनि औषधी, वा सुई बन्न सकिरहेको छैन । यसको अन्त्य कहिले हुने हो यकीन भन्न सकिने अवस्था छैन । साथै पर्यटनका लागि सवै वातावरण सकारात्मक रहन धेरै तत्वहरुको समुचित विकास विस्तारको आवश्यकता रहन्छ । यसैगरी विश्व स्वस्थ्य संगठनको कोरोना भाइरसको उचित व्यवस्थापनामा पर्यटन व्यवसाय भर पर्ने देखिन्छ । ठूला ठूला उत्सव, सेमिनर, गोष्ठी, विवाह, वा अन्य यस्तै कार्यक्रम सरकारी स्तरबाटनै स्थगित गरिरहेको अवस्था, सेल्फ आइसोलेसन, सामाजिक दुरी लगायतले व्यक्तिहरु घर बाहिर जान धेरै अप्ठेरो छ । यी सबै कारणबाट चरम गरिबी बढ्न सक्ने भएकोले, आर्थिक बृद्धिको खास तत्व मानिसलाई गरिबीको खाडलबाट कसरी बाहिर निकाल्ने र जीवनस्तरमा सुधार ल्याउन सकिन्छ त्यतातर्फ व्यवसाय जानु आवश्यक छ । अत: विश्वव्यापीकरणलाई समेत चुनौतीका रुपमा कोरोना भाइरस प्रवेश गरी सकेकोले तल्काल पुनर्लाभ गरी व्यवसाय सञ्चालन गरी अर्थतन्त्र, रोजगारी, व्यापार स्थिरताको लागि नयाँ र भरपर्दो सामाजिक आर्थिक स्थिरताले नै महत्वपूर्ण भूमिका खेल्ने हुनाले तल उल्लेखित क्षेत्रमा पर्यटन व्यवसायी एवं सरकारले ध्यान दिन सकेको खण्डमा यस व्यवसायलाई सुधारा गर्न सकिने देखिन्छ ।

- महामारीका ज्ञाता, पर्यटनविज्ञ वा अनुभवी पर्यटन अभियन्ताहरुको सकारात्मक समाचारको सम्प्रेषणद्वारा पर्यटन उद्योग स्वास्थ्य मापदण्डयुक्त छन् भन्ने कुरा विश्वस्त तुल्याउने ।

-संघीय, प्रदेश र स्थानीय सरकारको तर्फबाट हाम्रो मुलुक भ्रमणयोग्य मुलुक हो भन्ने विश्वास दिलाउने र व्यवसायीहरुलाई आधारभूत सेवा जस्तो, बिजुली, खानेपानी, बैंक ब्याजदर, विभिन्न कर र स्वस्थ्य (आगमन बिन्दुमानै कोरोना परीक्षण, ज्वरो परीक्षण र बिरामी भएको अवस्थामा उपचारको ग्यारेन्टी, औषधी उपलब्धताको निश्चितता वा अन्य) जस्ता क्षेत्रमा अनुदान र सहयोग, राहत निश्चित समयसम्मको लागि उपलब्ध गराउने ।

- प्रवर्द्धन सबैभन्दा महत्वपूर्ण हतियार भएकोले, सास्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, मूल्य मान्यता, प्रतिस्पर्धी मूल्य वा दर, र ओरेन्ज इकोनोमी याने कि असिमित अवसरहरुको यथार्थ चित्रण गरी सहयोग दिने ।

- नैतिक दायित्व, मर्यादा, विकास लक्ष्य, प्रतिस्पर्धा र सर्वोकृष्ट सञ्चारको प्रयोग गरी आफ्नो सेवा व्यवसाय यथासमयमा, संस्कृति मूल्य मान्यताका आधारमा सञ्चालन गर्ने र परम्परागत सञ्चालन विधिमा परिर्वतन गरी सर्वोकृष्ट सेवा सुविधा प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने ।

- अब अत्याधिक पर्यटकको चाहानालाई परित्याग गरी होसियारीपूर्वक योजना बनाएर, सबैलाई निशुल्क नभै दुबै पक्ष विजयी हुने अवस्थाको सृजना गरि सोही अनुरुपको पर्यटकको खोजी र एडभेन्चर ट्राभल्सको स्थितिलाई सुधार गरी विश्व बजारमा जानकारी दिने त्यो पनि ४० वर्ष मुनिका पर्यटक, सहरीया र बाहिरी एडभन्चर मनपराउने र हाइइन्ड पर्यटकलाई छनौट गर्ने ।

- विश्व स्वस्थ्य संठनको मापदण्ड भित्र रही सरकारी, निजी तथा सार्वजनिक अनुभवलाई व्यवहारमा प्रयोग गरी हरेक ग्रामीण क्षेत्रलाई मूलधारमा समावेश गरी व्यवसाय क्षेत्रको भौतिक पूर्वाधारमा सुधार ल्याई स्वास्थको विशेष ख्याल गरी अस्वस्थ प्रतिस्प्रधालाई निरुत्साही गरी सेवा उपलब्ध गराउने ।

- वातावरणमा भै रहेको ह्रासलाई कटौती गरी दीर्घकालीन रणनीति अंगीकार गरी दिगो पर्यटनका लागि निरन्तर अध्ययन अनुसन्धान र आवश्यकीय सुधार गरी । धार्मिक पर्यटनलाई विशेष महत्व दिइ दिगो बसाइका लागि व्यवसायिकताको प्रयोग गरी सार्मथ्ययुत, स्थायी र उदयमान पर्यटनको आर्कषणका लागि नयाँ नयाँ गन्तव्यको खोजी गर्ने ।

- सकारात्मक सूचांकहरुको विज्ञापन गर्ने र राष्ट्रिय अन्तराष्ट्रिय जगतलाई समदुरीमा जानकारी दिई आन्तरिक पर्यटक, साथीभाइ नातेदार आदिलाई ज्ञानको आदान प्रदानद्वारा महत्वका साथ स्वीकार वा अंगिकार गरी प्रविधिमा आधारित भई न्यूनखर्चमा, ग्राहकको मागको जानकारी लिई सामुदायमा आधारित व्यवसाय ञ्चालन गर्ने ।

- सामाजिक महत्व भएका र ठूला प्रबर्द्धनयुक्त संस्था वा संकायको उचित प्रयोग गर्ने र सेवा व्यवसाय भएको कारण आफ्ना कर्मचारीहरु सुसंस्कृत, शिक्षित, प्रविधि मैत्री बनाउने ।

- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद, उन्नतस्तरको प्रतियोगिता, मिटिङ, बृहत सेमिनर, गोष्ठीको आयोजन गर्ने वातावरणको सिर्जना गर्ने र सोको लागि राष्ट्रिय ध्वजावाहक, हवाई यातायातको गन्तव्यको विस्तार गरी हालसम्म मुख्य पर्यटक आउने मुलुकहरु खास गरी भारत, बेलायत, अमेरिका, श्रीलंका, जापान र जर्मन लगायतका देशहरु र सम्भावित पर्यटकको लागि विशाल जनसंख्या भएको उत्तरी मित्रराष्ट्र चीनसँग नियमितरुपमा प्रवर्द्धन गरिहने ।

- सरकार पर्यटन बोर्ड र पर्यटनसँग कार्य गर्ने अन्यसँग संगठन लगायतले पर्यटनसँग सम्बन्धित विश्व संगठनसँग नियमित भेटघाट, पत्राचारद्वारा सर्म्पकमा रहिरहने र आफ्नो बारेमा लगातार जानकारी दिई नियमित अनुसन्धान गरिरहने र सोको कैफियतमा तत्काल सुधार गर्ने ।

नोबेल कारोना भाइरसको कारणवबट देखा परेको असर विश्वव्यापी असर हो र यो असर कति रहन्छ र कति धेरै नोक्सान पुऱ्याउँछ लेखाजोखा गर्न सकिने अवस्था छैन । नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि र रेमिट्यान्स पछिको सबैभन्दा धेरै योगदान दिने पर्यटन क्षेत्र नै हो । यसैगरि भूपरिवेष्टित मुलुक नेपालले विदेशी मुद्रा आर्जनको हिसाबले, रोजगारी सिर्जना गर्ने हिसाबले र राजस्वमा योगदानको हिसाबले पर्यटन क्षेत्रलाई बचाइराख्नुको विकल्प छैन । अत: मुख्यरुपमा सरकारी स्तरबाट तत्कालै सञ्जिवनीयुक्त राहतको घोषणा गरी निजी क्षेत्रको मनोबल उँचो राख्न आवश्यक छ ।

यसैगरी योजनाबद्ध विकासको मूलधारमा पर्यटक आगमनको हिसाबले आकर्षक केन्द्रबिन्दु पोखरा, चितवनको सौराहा र लुम्बिनी जस्ता क्षेत्रको विकास गरी अन्तर्राष्ट्रिय बजारमा भरपर्दो र विश्वासिलो वातावरण सिर्जना गर्न सरकारी स्तरबाटनै जानकारी र आधुनिक सञ्चारको अधिकतम प्रयोग गरी संसारका अन्य मुलुकहरु खासगरी इन्डोनेसिया, श्रीलंकाको (बाली), जस्ता देशले अंगीकार गरेको पर्यटक प्रवर्द्धनका लागि उलपब्ध गराइएको सेवा र सुविधा उपलब्ध गराई पर्यटन व्यवसायलाई स्थायित्व प्रदान गर्न सकिन्छ । यसतर्फ सबैको ध्यान जान आवश्यक छ ।

***पूर्व बैंकर तिमसेना पोखरा विश्वविद्यालयमा प्राध्यापनरत छन् ।***

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
लक्ष्य प्राप्तिको लागि संघर्ष धेरै गर्नु पर्नेछ । विरोधीको सक्रियताले काममा असर पर्न सक्छ सतर्क रहनु होला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आयमुलक भन्दा व्ययमुलक काम बढि हुनेछ । पारिवारिक चिन्ताले छोड्ने छैन । बन्धुको सहयोग कम प्राप्त हुनेछ । मनमा दुविधा बढ्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
धन सम्पतिको विषयमा विवाद चर्किन सक्छ विचार गरेर काम गर्नु होला । रोग व्याधिको भय देखिन्छ । घर परिवारबाट सुख शान्ति मिल्ने छैन ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
काम गर्ने जोश जागर बढ्नेछ । गरेका अधिकाँश काम सफल हुनेछन् । परिवार आफन्तबाट सहयोग सहानुभूति मिल्नेछ ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,टू,टे)
आम्दानी खर्चको सन्तुलन राख्न गाह्रो हुनेछ । घरमा अतिथिको आगमन हुनेछ । आफुले सोचे जस्तो प्रगति कहि हुने छैन ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
पुराना समस्याको समाधान निस्कनेछ । अनावस्यक खर्चमा कमी आउनेछ । भोग विलासितामा मात्रै ध्यान केन्द्रित नगर्नु होला ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
फजुल खर्च बढ्नेछ । वैदेशिक क्षेत्रबाट थोरै फाइदा हुनसक्छ । बाधा अवरोधहरु आउने सम्भावना भएको हुदा सतर्क भई काम गर्नु होला ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
आय आर्जनका दृष्टिले दिन राम्रो देखिन्छ,बचतमा ध्यान दिनु होला । गरेका कामबाट उचित प्रतिफल मिल्नेछ ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
सतहमा वगेर काम नगर्नु होला । आन्तरिक तयारीका साथ काममा लाग्नु होला सफल हुनुहुनेछ । आफुमा भएको उर्जालाई खेर जान नदिनु होला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अप्रत्यक्ष रुपमा अरुको उर्जा प्रयोग गरेर काम गर्नु भएमा थोरै सफलता मिल्नेछ । नकरात्मक सोचबाट टाढा बस्नु होला ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,दा)
आफुले चाहे जस्तो वातावरण मिल्ने छैन । प्रतिकुल परिस्थितिमा काम गर्न गाह्रो हुनेछ । व्यापार व्यवसायमा मन्दि आउने देखिन्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आफुमा भएको ज्ञान र शिपलाई पूर्ण प्रयोग गर्नु होला । आयत निर्यात व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ । दामपत्य जीवनमा सुखानुभूति हुनेछ ।

# म्याग्दीका स्थानीय तहको बजेट २ अर्ब ६४ करोड

राकेश शर्मा
म्याग्दी, १३ असार

म्याग्दीका स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेका छन् । ५ गाउँपालिका र १ नगरपालिकाले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट र कार्यक्रम विश्वभर महामारी रुपमा फैलिएको कारोना भाइरसको रोकथाम र नियन्त्रणमा केन्द्रित भएर बजेट सार्वजनिक गरेका हुन् । स्थानीय तहले धेरै जसो पहिले कै कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

**मंगला गाउँपालिकाको साढे ३९ करोड बजेट**

मंगला गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम पारित गरेको छ । गाउँपालिकाले समृद्धिको आधार, कृषि र पशुपालन नाराका साथ चालुतर्फ २१ करोड ३४ लाख र पुँजीगततर्फ १७ करोड ८ लाख रुपैयाँको बजेट ल्याएको छ । यसअघि गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आगामी आर्थिक वर्षमा पालिकामार्फत कृषि, पर्यटन, पशुपालन र फलफूललगायत क्षेत्रलाई जोड दिइएको बताए ।

नीति तथा कार्यक्रममा विश्वभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरसका कारण रोजगारी गुमाएका विपन्न परिवारलाई लक्षित गरेर स्वास्थ्य शिक्षा सिप विकास तालिमसहित रोजगारी एवं आय आर्जनका लागि एक वडा एक कृषि/पशु पकेट क्षेत्र निर्धारण कार्यक्रम सञ्चालनमा ल्याइने जनाइएको छ ।

भोकमरी अन्त्यका गर्नका लागि गाउँपालिकास्तरीय खाद्य बैंक स्थापना गरी एकद्वार प्रणालीमार्फत खाद्यपदार्थमा पहुँच नपुग्ने नागरिकलाई खाद्य उपलब्धताको सुनिश्चित गरिने भएको छ। बजेटको ३८ प्रतिशत रकम रोजगार केन्द्रित कार्यक्रम पालिकाले राखेको छ । 'उत्पादनमुखी क्षेत्रमा बजेटले प्राथमिकता पाउँछ,कृषिमा आत्मनिर्भर बनाउने अवसरको रुपमा लिएका छौं' अध्यक्ष रोकाले भने, उनले विदेशबाट रोजगार गुमाएर गाउँ फर्केका युवालाई रोजगारीमा आबद्ध गर्ने बताए ।

**मालिकाको ४१ करोड ५४ लाख**

मालिका गाउँपालिकाले गाउँसभाबाट साढे ४१ करोड रुपैयाँको बजेट पारित गरेको छ । गाउँपालिकाको केन्द्र दरबाङमा बसेको गाउँसभाले उक्त बजेट बजेट पारित गरेको हो । गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष खरमाया बिटालुले बजेटको ५ करोड ५० लाख रुपैयाँ चालुतर्फ र १३ करोड ६५ लाख ५ हजार रुपैयाँ पुँजीगत तर्फ विनियोजन गरिएको बताइन् ।

संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानतर्फ १६ करोड ३ लाख, वित्तीय समानीकरण अनुदान संघीय सरकार ८ करोड ५९ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाड ७ करोड ८ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड २१ लाख ६३ हजार,प्रदेश सरकार राजश्व बाँडफाँडतर्फ २५ लाख ५९ हजार,आन्तरिक राजश्व बाँडफाँड ५० लाख रुपैयाँ छ । यसैगरी गाउँपालिकाको अनुमानित मौज्दात १ करोड ५० लाख रुपैयाँ छ ।

गाउँपालिकाको बजेटमा कोरोना नियन्त्रण र रोकथाम, गौरवका आयोजना लगायतका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन लगायतको क्षेत्रलाई प्राथमिकताका साथ समावेश गरिएको छ । साथै नमुना मालिका गाउँपालिका निर्माण अभियानलाई निरन्तरता दिइएको छ ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोका मगरले आगमी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई प्रभाबकारी कार्यान्वयनको लागि सुरुवातदेखि नै जुट्न सबैलाई आह्वान गरेका छन । गाउँपालिकाको बजेटमा कोरोना नियन्त्रण र रोकथाम ,गौरबका आयोजना लगायतका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन लगायतको क्षेत्रलाई प्राथमिकताका साथ समावेश गरिएको छ। साथै नमुना मालिका गाउँपालिका निर्माण अभियानलाई निरन्तरता दिइएको छ ।

**बेनी नगरपालिकाकोसाढे ५८ करोड**

बेनी नगरपालिकाले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि साढे ५८ करोड रुपैया बजेट सार्वजनिक गरेको छ। बाँझो र सार्वजनिक जग्गाको खोजी गर्दै कोरोना भाइरस संक्रमणको सम्भावित जोखिमको रोकथाम तथा न्यूनीकरणलाई प्राथमिकता दिएको नगर प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिए । कोरोनाका कारण विदेशमा रोजगारी गुमाएकाहरु समेत फर्किने भएकाले उत्पादनमुखी क्षेत्रलाई प्राथमिकता दिइएको प्रमुख श्रेष्ठको भनाइ छ। 'कोरोनाबाट सृजित समस्यामा केन्द्रित हुन सबैलाई निर्देशन दिइएको थियो, विकास निर्माणका योजनाहरुले समेत निरन्तरता पाएका छन्,' नगरपालिका प्रमुख श्रेष्ठले भने।

> **रोजगारी गुमाएका विपन्न परिवारलाई लक्षित गरेर स्वास्थ्य शिक्षा सिप विकास तालिमसहित रोजगारी एवं आय आर्जनका लागि एक वडा एक कृषि/पशु पकेट क्षेत्र निर्धारण कार्यक्रम**

वडास्तरबाट आएका योजनामा उत्पादनमुखी क्षेत्रलाई पहिलो आधार बनाएर बजेट निर्धारण गरिएको उनले दाबी गरे। नगरको कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण गर्दै व्यावसायिकरणगर्ने कार्यलाई प्राथमिकता दिइने, नगरपालिका क्षेत्र भित्र रहेका आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यवस्थापन गरी आन्तरिक स्रोत बढाउँदै लगिने, कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष मार्फत् नगर क्षेत्र भित्रका सम्पूर्ण कोरोना प्रभावित नगरबासीहरुलाई क्वारेन्टिन व्यवस्थापन लगायतका आवश्यक सहयोग उपलब्ध गराइने बेनी नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख छ ।

नगरपालिकाभित्र रहेका बाँझो जग्गाको तथ्यांक संकलन गरी पूर्ण उपयोगको व्यवस्था मिलाइनुका साथै भूमि बैंकको स्थापना गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने जनाइएको छ। नगर क्षेत्र भित्रका सरकारी, सार्वजनिक तथा पर्ती जग्गाको पहिचान गर्ने, अतिक्रमण रोकी संरक्षण गर्ने कार्य अभियानका रुपमा अगाडि बढाइने नीति तथा कार्यक्रममा उल्लेख छ।

**धवलागिरी गाउँपालिकाको साढे ४२ करोड**

म्याग्दीको धवलागिरी गाउँपालिकाले साढे ४२ करोड बढीको बजेट पारित गरेको छ । गाउँपालिकाको केन्द्र मुनामा बसेको गाउँसभाले आर्थिक वर्ष २०७७/०७८ को लागि ४२ करोड ५१ लाख ८२ हजार ५८० बराबरको बजेट पारित गरेको हो ।

गाउँसभामा उपाध्यक्ष रेशम छन्त्यालद्वारा प्रस्तुत बजेटलाई गाउँसभाले पारित गरेको हो । कुल बजेटको २९ करोड ८६ लाख ३० हजार चालुतर्फ र १२ करोड ६५ लाख ५२ हजार ५८० पुँजीगततर्फ विनियोजन गरिएको छ । सामाजिक सुरक्षा भत्ता बापतको ६ करोड ९४ लाख ५० हजार अनुमान गरिएको छ । कुल बजेटमा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ७ करोड ४९ लाख, संघिय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु ८ करोड २१ लाख ६३ हजार ५ सय ८०, सशर्त अनुदान १६ करोड ९३ लाख प्राप्त हुने अनुमान छ । प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड २२ लाख ३३ हजार, प्रदेश राजश्व बाँडफाँट २१ लाख ३६ हजार, आन्तरिक राजश्वबाट प्राप्त हुने २६ लाख र विशेष र समपुरक अनुदान अन्तर्गत १ करोड ५० लाख समावेश गरिएको छ । गाउँसभामा अध्यक्ष थमसरा पुनाद्वारा प्रस्तुत आर्थिक वर्षको नीति तथा कार्यक्रम, वडा नम्बर १ का अध्यक्ष झकबहादुर छन्त्यालद्वारा प्रस्तुत विनियोजन र कार्यपालिका सदसय देउप्रसाद छन्त्यालद्वारा प्रस्तुत आर्थिक विद्येयक समेत संशोधन सहित पारिद भएको छ ।

गाउँपालिकाले बजेटमा कोरोना नियन्त्रण र रोकथामसँगै सडक लगायतका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन लगायतको क्षेत्रलाई प्राथमिकताका साथ समावेश गरिएको छ । गाउँपालिकाले 'धवलागिरी गाउँपालिकाको आधार, कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधार' भन्ने नारालाई अघि सारेको छ । धवालगिरिको प्राथमिकता माटो सुहाउँदो खेती जिल्लाको पश्चिम क्षेत्रमा रहेको धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले बाँझो जमिन राख्न नपाइने नीति बनाइसकेको भन्दै पालिकाको प्रमुख आवश्यकतालाई केन्द्रित गरेर अगाडि बढ्ने बताइन् । समुदायलाई सीपयुक्त बनाइ स्वरोजगार केन्द्रित बजेटलाई प्राथमिकता दिनुको विकल्प नभएको उनको भनाइ छ। जमिनको सदुपयोग गर्नेलाई प्रोत्साहत सहित माटो सुहाउँदो खेतीलाई प्राथमिकता दिइएको उनले भनिन्। रोकथाम, पूर्वाधार, रोजगार र पूर्वाधारका योजनालाई प्राथमिकता दिइएको छ ।

**रघुगंगाको ३९ करोड ७४ लाख बढी बजेट**

म्याग्दीको रघुगंगा गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको केन्द्र मौवाफाँटमा सम्पन्न गाउँसभाले कोरोना भाइरसलाई नियन्त्रण गर्ने लगायतका स्वास्थ्यसंग सम्बन्धित क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट पारित गरेको हो । गाउँपालिकाका उपाध्यक्ष कमला तिलिजाले प्रस्तुत गरेको बजेट बक्तब्यमा कोरोना उपचार तथा रोकथाम कोषमा रु १ करोड बजेट विनियोजन गरिएको छ ।

गाउँपालिकाले पाखापानी र पिप्लेमा ल्याब स्थापना गर्ने, स्वास्थ्यकर्मीको स्वास्थ्य विमा गर्ने, निशुल्क वितरणको लागि औषधी खरिद गर्ने, स्वास्थ्य उपकरण खरिद गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने लगायतको स्वास्थ्य क्षेत्रमा ५ करोड ७४ हजार बजेट विनियोजन भएको छ । पूर्वाधारतर्फ१० करोड ३७ लाख बजेट विनियोजन गरेको गाउँपालिकाले शिक्षा क्षेत्रतर्फ १२ करोड ७३ लाख, कृर्षितर्फ १ करोड २ लाख, गरिबी निवारणतर्फ १२ लाख, उद्यमशिलता, श्रम तथा रोजगार तर्फ ६३ लाख, पर्यटनतर्फ१२ लाख, पशुपालनतर्फ ५८ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ६० लाख, शुसासन तथा संस्थागत क्षमता विकासमा रु ९५ लाख बजेट विनियोजन गरेको छ । गाउँसभामा उपाध्यक्ष तिलिजाद्वारा प्रस्तुत कुल ३९ करोड ७४ लाखको बजेट पारित भएको छ । चालुतर्फ १९ करोड ३ लाख र पुजीगत तर्फ ११ करोड ५ लाख ३१ हजार बजेट विनियोजन भएको छ ।

**अन्नपूर्णको करिब ४१ करोडको बजेट**

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले करिब ४१ करोडको बजेट पारित गरेको छ । गाउँपालिकाको केन्द्र पोखरेबगरमा बसेको गाउँसभाले आर्थिक वर्ष २०७७/०७८ को लागि ४० करोड ९४ लाख २६ हजार बराबरको बजेट पारित गरेको हो ।

गाउँसभामा उपाध्यक्ष केशमाया मगरले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम र बजेट बक्तव्य सर्वसम्मत रुपमा पारित भएको हो । गाउँसभामा उपाध्यक्ष मगरद्वारा प्रस्तुत बजेट बक्तव्यमा चालुतर्फ ७ करोड १६ लाख २० हजार, पुजीगत तर्फ १३ करोड ३६ लाख ६ हजार र शर्शत अनुदान तर्फ रु २० करोड ४२ लाख रकम विनियोजन गरिएको छ ।

पारित भएको बजेटमा संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ७ करोड ४३ लाख, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट ६ करोड ९७ लाख, सर्शत अनुदान २० करोड ४२ लाख, गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड २१ लाख, राजस्व बाँडफाडबाट प्राप्त हुने रकम ३५ लाख ९२ हजार, आन्तरिक राजस्वबाट प्राप्त हुने ६८ लाख ४० हजार र अल्या तर्फको अनुमानित रकम ३ करोड ८५ लाख रकमलाई समावेश गरिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले पारित गरेको नीति तथा कार्यक्रम र बजेटमा विश्वव्यापी महारीको रुपमा फैलिएको कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि प्राथमिकता दिइएको छ । गाउँसभामा उपाध्यक्ष मगरद्धारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटमा कोरोना रोकथाम र नियन्त्रणको लागि उच्च प्राथमिकता दिइएको हो ।

गाउँपालिकाले कोरोना रोकथाम र नियन्त्रणको लागि आगामी आर्थिक वर्षको लागि रु १ करोड ४० लाख बजेट विनियोजन गरेको हो । चालु आर्थिक वर्षमा समेत कोरोना कोषमा रहेको रकम सबै खर्च नहुने भएकाले बाँकी बजेटलाई समेत कोरोना रोकथाम र नियन्त्रणमै थप गरि परिचालन गर्ने गरि बजेट विनियोजन भएको गाउँपालिकाका अध्यक्ष क्या डम बहादुर पुनले बताए । उनले स्वास्थ्य, कृषि, पशुपालन, पूर्वाधार निर्माण लगायतको क्षेत्रलाई पहिलो प्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट निर्माण गरेको बताए ।

# मुस्ताङको बारागुङ मुक्तिक्षेत्रको बजेट २६ करोड २३ लाख

सुन्दरकुमार थकाली
जोमसोम, १३ असार



मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ को अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउपालिकाकी उपाध्यक्ष ढिकी गुरुङले बिहीबार छैटौं गाउँसभामा २६ करोड २३ लाख ४७ हजार रुपैयाँको बजेट पेस गरेकी हुन् ।

उपाध्यक्ष गुरुङले पेस गरेको बजेटमा चालुतर्फ १४ करोड १ लाख ७ हजार र पुँजीगततर्फ १२ करोड २२ लाख ४० हजार छ । बजेटमा संघीयतर्फ २० करोड ९ लाख करोड ८८ लाख समावेश छ । प्रदेशतर्फ २ करोड ८८ लाख ९ हजार आन्तरिक स्रोततर्फ २६ लाख ३५ हजार र अन्यतर्फ ३ करोडको बजेट छ । जसअन्तर्गत संघीय वित्तीय समानीकरण ६ करोड ७१ लख, ससर्त अनुदान ८ करोड ७९ लाख, विशेष अनुदान १ करोड र राजस्व बाँडफाँट ३ करोड ५९ लाख ३ हजार छ ।

प्रदेशतर्फको बजेट वित्तिय समानीकरण १ करोड २१ लख ४६ हजार, राजस्व बाँडफाँड १६ लाख ६३ हजार, विशेष अनुदान १ करोड र समपुरक अनुदान ५० लाख छ ।

बारागुङ मुक्तिक्षेत्रले विश्व व्यापी माहामारीको रुपमा फैलिएको नोवल कोरोना भाइरस (कोभिड–१९) रोकथाम तथा नियन्त्रण र यसको व्यवस्थापन तर्फ २५ लाख बजेट विनियोजन गरेको उपाध्यक्ष गुरुङले सुनाइन् ।

उक्त बजेटले क्वारेन्टाइन व्यवस्थापन, सामग्री खरिद, राहत लगायतमा खर्च गर्ने उनले बताइन् । पालिकाले आयआर्जन कार्यका लागि आर्थिक स्वरोजगार कार्यक्रमतर्फ ३० लाख विनियोजन गरेको छ । बजेटले स्थानीय उत्पादन ब्रान्डिङमा खर्च गरिने जनाइएको छ । यस्तै प्रकोप व्यवस्थापनका लागि २५ लाख, आकस्मिक कोषका लागि १० लाख विनियोजन गरेको हो ।

उपाध्यक्ष गुरुङले पेस गरेको बजेटमा छुसाङदेखि पान्डा खोला सम्मको नदीजन्य पदार्थ उत्खनन वातावरण प्रभाव मुल्याकन (इआइए), प्लास्टिक, ब्याग, सिसा निषेध गर्ने, योजना बैङको लागि डिपिआर खर्चमा आवश्यक बजेट राख्ने, समग्र गाउँपालिकाको बृतचित्र निर्माण गर्ने, कागबेनी श्राद्धस्थल संरक्षण र त्यहा सौर्यबत्ती जडान गर्ने, कषि र पशुपालन व्यवसाय प्रर्वद्धनका लागि आवश्यक बजेट, ताङ्वे गाउलाई ऐतिहासिक गाउ बनाउन जोड गर्ने, पालिकामा रहेको विकट गाउँलाई एक घर एक शौचालय, प्लास्टिक टनेल र त्यहाँको साँस्कृतिक सम्क्पदाको संरक्षण गर्ने, गाउँपालिकाको डिजिटल प्रोफाइल सार्वजनिक सेवा प्रवाहमा विद्युतीय शासनको प्रयोगका लागि पूर्वाधार तयार गर्ने र पालिकालाई सूचना मैत्री तुल्याउन वेबसाइट, मोबाइल एप्सको थप प्रभावकारी प्रयोगमा जोड दिने लगायत योजनामा बजेटले सम्बोधन गरेको उपाध्यक्ष गुरुङले उल्लेख गरिन् ।


## हार्दिक समवेदना



जन्म मिति:
वि.सं. : १९९६/१२/२२ गते

स्वर्गारोहण मितिः
वि.सं. २०७७/०३/०२ गते

स्व. शान्ति बानियाँ

यस सहकारी संस्थाका शेयर सदस्य **श्री कृष्णबहादुर बानियाँ**की ममतामयी पुजनीय आमा, **श्री शारदा बानियाँ**की सासु आमा, **श्री शिवबहादुर बानियाँ** र **आशा बानियाँ**की हजुरआमा **शान्ति बानियाँ**को असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनहरुप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

मथुराप्रसाद पौडेल
सचिव

तथा

रामचन्द्र कुँवर
अध्यक्ष

**मझेरी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
पोखरा-१४, मझेरीपाटन, कास्की

## हार्दिक अपिल

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ ले पारेको असरको कारणले हाम्रा फेन्सी तथा रेडिमेड व्यवसायीहरु पनि यस महामारीबाट अछुतो रहन नसकेको कुरा सर्वविदितै छ । यस विषम परिस्थितिमा सम्पूर्ण हाम्रा व्यवसायी साथीहरुलाई धैर्यताका साथ सुरक्षित रहदै स्वास्थ्य सुरक्षाका उपायहरु अबलम्बन गर्दै आ-आफ्नो व्यवसाय संचालन गर्नका लागि हार्दिक अनुरोध गर्दछौं । नेपालमा मिति २०७६/१२/११ गतेदेखि नेपाल सरकारद्वारा लकडाउन घोषणा गरिए अनुसार हाम्रा सम्पूर्ण व्यवसायीहरु आ-आफ्ना व्यवसायिक प्रतिष्ठानहरु बन्द गरी घरमा नै बस्नु परेकाले यस क्षेत्रको व्यवसायमा पर्न गएको आर्थिक हानीका कारण अबको दिनमा व्यवसायलाई निरन्तरता दिनका लागि सम्बन्धित सम्पूर्ण पक्षको सहयोगको अपेक्षा गर्दछौं । अहिलेको समय भनेको आफू बाँचौ र अरुलाई पनि बचाऔं भन्ने नै हो, तसर्थ यस लकडाउन अवधी भरको घर भाडामा न्यूनतम ५० प्रतिशत छुट गरिदिनुहुनका लागि सम्पूर्ण सटरधनी महानुभावहरुलाई हार्दिक अपिल गर्दछौं । यस अघि नै सो अवधीको बहाल रकममा ५० प्रतिशत छुट दिनुहुने सम्पूर्ण सटरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छौं । व्यवसायमा पर्न गएको समस्याका कारण व्यवसायीहरुको आम्दानी प्राय सुन्य नै भएको हुँदा यस अवधि भरको बैंक तथा वित्तीय संस्थाहरुबाट लिईएका कर्जाको किस्ता तथा व्याज बुझाउनका लागि अप्ठेरो परेको हुँदा बैंक तथा वित्तीय संस्थाहरुलाई किस्ता बुझाउने भाखा थप गरिदिनुहुन र सो अवधीको व्याज रकममा कम्तिमा ५० प्रतिशत छुट गरिदिनुहुन हार्दिक अपिल गर्दछौं ।

**फेन्सी तथा रेडिमेड व्यवसायी संघ परिवार**
पोखरा, कास्की


## अनुराग अधिकारीलाई मातृशोक



पोखरा, १३ असार (समाधान) - गजलकार अनुराग अधिकारीलाई मृातशोक परेको छ। अधिकारीकी ८५ वर्षीया आमा बद्रीमाया अधिकारीको बिहीबार पोखरामा निधन भएको हो। दम रोगका कारण समस्या देखिएपछि अधिकारीलाई पोखराको मेट्रोसिटी हस्पिटलमा लगिएकोमा उपचारकै क्रममा चिकित्सकले मृत्युको घोषणा गरेका हुन् । अधिकारीका २ छोराहरु अनुराग (पिताम्बर) र दीननाथ छन् भने ६ छोरीमध्ये नारायणी सुवेदी, पार्वती सिग्देल, शारदा बराल, राधा बराल, भगवती पौडेल छन् । माहिली छोरी कृष्णा भट्टराई र पति विश्वनाथ अधिकारीको निधन भइसकेको छ । अधिकारीका २३ जना नातिनातिनी छन् ।

अनुपम म्युजिक पोखराका प्रबन्ध निर्देशक अनुराग अधिकारी सुगम संगीत यात्राका अध्यक्ष, गीतकार प्रतिष्ठान, नेपालका महासचिव पनि हुन् । उनी शिक्षण, साहित्य र सञ्चारका क्षेत्रमा क्रियाशील छन् । अनुरागकै रचना, हरिहर खनियाको सङ्गीत र सी. डी. विजय अधिकारीको स्वरमा रहेको आमा तिम्रो पाउमा शिर राखी जिन्दगीभर थाक्दिनँ म... बोलको गजलमा आमा बद्रीमायाले अभिनयसमेत गरेकी थिइन् । अधिकारी परिवार हाल पोखरा-३१, वेगनासमा रहेको घरमा काजकिरियामा छ ।


**के तपाईंको Printer मा कुनै समस्या छ ?**

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस क्वारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

**गण्डकी कम्प्युटर्स**
... the printer house
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५, ९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८

**528009**
खानेपानी चाहिएमा

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

## वर्गीकृत विज्ञापन डिस्प्ले

**आवश्यकता**
वेकरी उद्योगको लागि
*वेकरी आइटम बनाउन जान्ने १ जना*
कर्मचारी चाहियो ।
तलब: आपसी समझदारीमा
सम्पर्क:
९८०२८-०८२१६

**घडेरी बिक्रीमा**
पोखरा–२७, तालचोक नजिकै रहेको २०X५० हातको आकर्षक घडेरी बिक्रीमा।
*मूल्य ७५ लाख मात्र*
सम्पर्क:
९८४६८-५८५००

**Wanted**
Well experienced, Smart & good personality staff required for a reputed restaurent.
Post: Cashier com receptionist.
(Ladies or Gents)
Salary: Attractive
Contact:
9812281290, 9846043005
Email: lok_thapa5@yahoo.com

**अर्जेन्ट चाहियो**
बसपार्क स्थित अफिसको लागि

| योग्यता | आ.सं. | ल.तलब |
| --- | --- | --- |
| साधारण लेखपढ | २ | १५००० देखि १९,५०० |
| SEE | ४ | |
| +2 above | ३ | |

सम्पर्क:
982325720, 984647627
नोटः इमान्दार र मेहनतिलाई सिधै छनोट गरिनेछ।

**घडेरी बिक्रीमा**
स्थानः पोखरा-१४ (पोखरा नयाँ एयरपोर्टसँगै) आकारः २० बाई ३६
• एयरपोर्टको मापदण्डमा नपर्ने।
• भविष्यमा पनि पर्न सक्ने सम्भावना नभएको।
• आडैमा घर बनेको, तुरुन्त घर बनाउन सकिने।
गगनगौंडाको गोगन माविभन्दा थोरै माथिको १८ बाई ४५ को घडेरी पनि बिक्रीमा
सम्पर्क : ९८४६०-५९७६२

**संजय चाबी घर**
सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला ।
होम सर्भिसको पनि व्यवस्था छ ।
सम्पर्क :
9846042229
9846361600
061-52152
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ ।

शुभ-कार्यमा तत्काल
**फोटो तथा भिडियो खिच्नु परेमा**
सम्पर्क :
९८६०२-८८३२५
९८४६०-६६०३२

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# सहाराका बालकलाई फुटबल बुट

**समाधान संवाददाता**
पोखरा, १३ असार



सहारा फुटबल एकेडेमीका बालकलाई शनिबार फुटबल बुट हस्तान्तरण गरिएको छ । पोखराको सहारा स्पोटर्स कर्नरको पहलमा गेगा फुटबल बुट कम्पनीको सहयोगमा प्राप्त २४ थान बुट शनिबार हस्तान्तरण गरिएको हो ।

कर्नरका सञ्चालक कल्पना कँडेलले सहारा क्लबका उपाध्यक्ष एवं एकेडेमीका संयोजक विश्वराज बराल, एकेडेमीका कप्तान शिशिर क्षत्री, पूर्व कप्तान कमलसमय मगरसहितको टोलीलाई बुट हस्तान्तरण गरेकी हुन् ।

कर्नर सञ्चालक कँडेलले एकेडेमीमा बुट उपलब्ध गराउन कम्पनीसँग सहजीकरण गरेपछि कम्पनीले सामाजिक उत्तरदायित्व अर्न्तगत करिब ३० हजार मूल्य बराबरका ती बुट सहयोग गरेको हो ।

पोखरामा विगत ६ वर्ष देखि स्पोटर्सका सामान बिक्री वितरण गर्दै आएको कर्नरले आगामी दिनमा पनि एकेडेमीमा थप सहयोग उपलब्ध गराउन पहल गर्ने कँडेलले जनाइन् । देशमा लकडाउन भएको अवस्थामा पनि कम्पनीले उक्त बुट उपलब्ध गराएकोमा धन्यवाद दिँदै संयोजक बरालले विभिन्न सहयोगीको हातबाट एकेडेमी सञ्चालन हुँदै आएको बताए । एकेडेमीमा हाल १३ जिल्लाका २४ जना बालक छन् । लकडाउनको समयमा उनीहरुलाई फुटबल एकेडेमीमै राखेर दैनिक प्रशिक्षण समेत हुँदै आएको संयोजक बरालले जनाए ।

## अनुदानमा घार वितरण



वालिङ, १३ असार (रासस) - वालिङ नगरपालिकाले व्यावसायिकरुमा मौरीपालनलाई विस्तार गर्न मौरीसहितको एकसय घार वितरण गरेको छ ।

नगरपालिका अन्तर्गत कृषि शाखाले आवेदन माग गरेसँगै चार समूह तथा सहकारी संस्था छनोट गरी मौरीसहितको घार वितरण गरेको कृषि शाखा प्रमुख केशबहादुर थापाले बताए । कान्छी मनकामना कृषक समूह वालिङ-७, बर्तुङ फूलबारी कृषक समूह वालिङ-१०, थुमपोखरा कृषि सहकारी संस्था वालिङ-१३ र हुल्काङ कृषि सहकारी संस्था वालिङ-१४ लाई ५० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण गरिएको हो ।

नगरपालिकामा पहिलो चरणमा यसवर्ष मौरीसहितको एकसय उन्नत घार वितरण गरिएको र यसको प्रभावकारितालाई हेरेर आगामी वर्ष थप विस्तार गर्दै लगिने नगरप्रमुख दिलीपप्रताप खाँणले बताए । 'वालिङ मौरीपालन व्यवसायका दृष्टिले उपयुक्त छ' नगरप्रमुख खाँणले भने, 'यसलाई व्यावसायिक बनाउनुपर्छ भनेर अनुदानमा आधुनिक घार बाँडेका हौं ।'

महको माग बढिरहेकोले बजारको कुनै समस्या नहुने भएकाले पनि यो व्यवसायप्रति किसान आकर्षित भएको नगरप्रमुख खाँणले बताए । छनोट भएका समूह तथा संस्थाका प्रतिनिधिलाई मौरीपालनमा ध्यान दिनुपर्ने कुरा र यसको विधिबारेमा जानकारी दिइएको कृषि शाखा प्रमुख थापाले बताए ।

## ताराखोलामा 'हिल-सिप खेल मैदान'

बागलुङ, १३ असार (रासस) - ताराखोला गाउँपालिका-५ ठूलो हिलेमा खेल मैदान निर्माण गरिएको छ । प्रदेश सरकारको २० लाख बजेटमा 'हिल-सिप खेल मैदान' तयार भएको हो । छिटपुटबाहेक सबै काम सकिएको निर्माण समितिका अध्यक्ष रामबहादुर पाइजाले बताए । खेल मैदान ४५ मिटर लामो र ४० मिटर चौडा छ । 'फुटसल', भलिबललगायत खेललाई लक्ष्य गरी मैदान बनाइएको हो ।

खेल मैदान छेउछाउ प्राकृतिक 'प्यारापिट', शौचालय, मञ्च आदि संरचना खडा गरिएको छ । वरिपरिबाट तारजालीको घेराबार छ । 'यो वर्षको बजेटबाट लगभग काम सकियो, अरु पूर्वाधार थप्दै जाने योजना छ,' अध्यक्ष पाइजाले भने ।

स्थानीयवासी तेजेन्द्र श्रीसबाट २ लाखमा जग्गा खरिद गरेर खेल मैदान बनाइएको हो । खेल मैदान निर्माणमा मिर्मिरे युवा क्लवका युवासहित गाउँले मिलेर श्रमदान गरेका थिए । गाउँमै ठूलो र व्यवस्थित खेल मैदान बनेपछि युवा वर्ग बढी उत्साहित छ ।

खेल गतिविधिदेखि मेला, जात्रा आयोजना गर्न पनि सहज हुने देखिएको छ । खेल मैदानमा अन्य पूर्वाधार थप्न गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष प्रकाश घर्तीले बताए । 'वडाकै ठूलो खेल मैदान बनेको छ,' उनले भने, 'त्यसलाई अझै व्यवस्थित र सुविधायुक्त बनाउँदै लैजान्छौं ।' संघ सरकारको ४० लाख बजेटमा वडा नं ४ दोगाडीमा गाउँपालिकाकै ठूलो खेल मैदान निर्माणको चरणमा छ । उक्त खेल मैदानलाई आगामी आवमा गाउँपालिकाले पनि ४० लाख बजेट छुट्टाएको छ ।

'गाउँपालिकास्तरीय रंगशालाकै रुपमा त्यसलाई विकास गर्ने लक्ष्य छ,' अध्यक्ष घर्तीले भने, 'खेल पूर्वाधारसँगै खेलाडी उत्पादन र संरक्षणमा हाम्रो विशेष जोड छ ।' युवा वर्गलाई खेलकूदमा आबद्ध गरी उनीहरूको प्रतिभा पहिचान गर्न विभिन्न प्रतियोगिता पनि सञ्चालन गर्ने गाउँपालिकाको योजना छ ।

## ९२ युनिट रगत संकलन

**समाधान संवाददाता**
पोखरा, १३ असार



बिहानी बचत तथा ऋण सहकारी संस्थाको १२ औं स्थापना दिवसको अवसरमा शनिबार पोखरामा भएको कार्यक्रममा ९२ युनिट रगत संकलन भएको छ ।

कार्यक्रम संयोजक तथा सस्थाका सञ्चालक देवीप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्रीय रक्तसञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवाली उपस्थित थिए । संस्थाका अध्यक्ष धर्मराज भण्डारी, संस्थाका उपाध्यक्ष, पदाधिकारी, सञ्चालक, सल्लाहाकार लगायतले कार्यक्रममा सक्रिय सहभागिता जनाएका थिए ।

कार्यक्रम संयोजक अधिकारीले स्वागत गर्दै लकडाउनका बेला पोखरासहित मुलुकभर रगतको अभावका भएकाले सहकारीले रचनात्मक काम गरेर स्थापना दिवस मनाएको बताए ।

क्षेत्रीय रक्तसञ्चार केन्द्र कास्कीको प्राविधिक सहयोगमा संस्थाको प्रधान कार्यालय न्युरोड र सुइँखेत सेवा केन्द्र हेम्जामा रगत संकलन गरिएको संस्थाका सचिव सुजनबाबु अधिकारीले बताए ।

# मध्यपहाडी लोकमार्गको कास्की खण्ड हिलाम्मे

**कृष्ण दवाडी**
कास्की, १३ असार



धौलागिरी अञ्चलका पर्वत, म्याग्दी, बाग्लुङ र मुस्ताङको 'लाइफलाइन' रहेको पोखरा-बाग्लुङ राजमार्गमा यात्रा गर्ने यात्रुले यति बेला सास्ती बेर्होनु परेको छ । राष्ट्रिय गौरवको निर्माणाधीन मध्यपहाडी लोकमार्ग अन्तर्गत कास्की खण्डको पोखरा महानगरपालिका-२५ याम्दीदेखि घट्टेखोलासम्मको सडक बर्खायाममा हिलाम्मे हुँदा सो लोकमार्ग भएर यात्रा गर्नेले कष्ट भोग्न बाध्य बनेका छन् ।

बन्दाबन्दीले लोकमार्गको काम रोकिदा बर्खामा सडक हिलो र पानीले भरिएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रेसमेतको केही वडावासी सोही सडक भएर यात्रा गर्ने गर्दछन् ।मध्यपहाडी लोकमार्ग विस्तार शुरु भएपछि साविकको दुई लेनको पक्की कालोपत्रे सडक अहिले भत्काइएपछि ठाउँ/ठाउँमा सडकमा पानी जमेर हिलो हुँदा राजमार्गमा यात्रा गर्नेले हैरानी बेहोर्न बाध्य छन् भने अत्यावश्यक एम्बुलेन्ससमेत रोकिने र हिलोमा फस्ने गरेको छ ।

सुइखेतदेखि घट्टेखोलासम्मको दुई किमी सडक अहिले सवारी चालक तथा यात्रुका लागि धराप बनेको र स्तरोन्नतिका लागि विस्तार गरिएको सडकमा पानी पर्न थालेपछि सवारी साधन हिलोमा फस्ने, दुर्घटना हुने र बाटोमा रोकिनुपर्ने बाध्यता रहेको स्थानीवासीको गुनासो छ । कास्कीको माछापुच्छ्रे गाउँपालिका-७ धम्पुसका बैकुण्ठ भण्डारी पोखरा आवतजावतका लागि अहिले अन्नपूर्ण गाउँपालिकाको नागडाँडा निस्केर सराङकोट हुँदै जानुपर्ने बाध्यता रहेको बताउँछन् । घर नजिकको लोकमार्ग हुँदै जाँदा आधा घण्टामा पोखरा आउनजान सकिने अवस्था रहेपनि जोखिमपूर्ण र हिलाम्मे सडकमा गाडी चलाउन नसकिने हुँदा एक घण्टाभन्दा बढी समय लाग्ने घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यतामा रहेको बताउँछन् ।

उनले भने, 'मध्यपहाडीको बाटो अहिले हाम्रा लागि धराप बनेको छ, हिलाम्मे सडकमा मोटरसाइकल र साना चार पाङ्ग्रे सवारी चलाउन सक्ने अवस्था छैन, कतिपय अवस्थामा बाटोमा सवारी साधन छोडेर हिंड्नुपर्ने अवस्था आयो, बर्खामा सो बाटो भएर कुनै पनि यातायात सहज सञ्चालन गर्ने सक्ने अवस्था छैन ।'

पोखरा-२५ हेमजाका माधवशरण पौडेलले अहिलेको सडकको दुरावस्थाका कारण बिरामीलाई अस्पताल पुर्‍याउन एम्बुलेन्ससमेत जान नसक्ने अवस्था रहेको बताउनुभयो । कास्कीका दुई पालिका र चार जिल्लाको प्रमुख सडकमार्ग खाल्डाखुल्डीसहितको हिलाम्मे हुँदा दुर्घटना बढेको उल्लेख गर्दै उनले भने, 'अहिलेको सडक निर्माणको कामबाट हामी स्थानीयवासी सन्तुष्ट हुन सकेका छैनौं ।'

पोखराबाट साविकका धौलागिरी अञ्चलका जिल्ला जोड्ने प्रमुख सडकयात्रा जोखिमपूर्ण हुँदा यात्रुले आक्रोस व्यक्त गर्ने गरेका छन् । मध्यपहाडी लोकमार्गको ३७ किमी लामो कास्की खण्ड तीन वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी तीन भागमा विभाजन गरेर विसं २०७४ असारमा २ अर्ब ९३ करोड ६६ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । याम्दीदेखि सुइखेतफाँटसम्म स्वच्छन्द इलाइट जेभीले ९८ करोड ७९ लाख ६१ हजार ४१५ तथा सुइँखेतदेखि घट्टेखोलासम्म शर्मा एण्ड कम्पनीले ९८ करोड १२ लाख ५० हजार ५२ ९ रुपैयाँ लागतमा कामको जिम्मा पाएका थिए ।

त्यसैगरी घट्टेखोलादेखि नयाँपुलसम्मको २६ किमी दूरीमा श्रेष्ठ दिवा एपेक्स कन्स्ट्रक्सनसँग ९६ करोड ७४ लाख ११ हजार १०७ मा मध्यपहाडी लोकमार्ग आयोजना पर्वतले ठेक्का सम्झौता गरेको थियो । राजमार्ग छ लेन (३० मिटर) चौडाई तथा तीन मिटरको डिभाइडर(मेडियन) तथा दायाँ बायाँ दुई/दुई मिटरको नाला र्निमाण गरिने सम्झौतामा उल्लेख छ । पहाडी क्षेत्रका कारण घट्टेखोलादेखि नयाँपुलसम्म भने दुई लेन मात्र हुने छ । उच्च प्रविधिको 'अस्पात कङ्क्रिट' प्रविधिको माध्यमबाट सडक कालोपत्रे गर्ने सम्झौता भएपनि काममा ढिलाइ हुँदा नागरिकले हैरानी र सास्ती पाएका छन् । चालू आवभित्रमा निर्माण सम्पन्न हुनुपर्ने सडकको काम अहिले बन्दाबन्दीका कारणले प्रभावित बनेको छ । त्यसअघि सडक विस्तारमा अधिकाँश स्थानमा बिजुली र खानेपानीका पाइप स्थानान्तरण गर्न ढिलाइ हुँदा आयोजनाको भौतिक प्रगति कम भएको दाबी निर्माण कम्पनीको छ ।

घट्टेखोलादेखी नयाँपुलसम्मको सडकमा भने कार्य प्रगति भएको छ । सो सडकखण्डमा अधिकाँश स्थानमा कोलोपत्रे गरिएपनि याम्दीदेखि घट्टेखोलासम्मको सडक यात्रा कष्टकर छ । हालसम्म बाटो फराकिलो पार्ने, नाली निर्माण तथा सो माथि स्ल्याब, कल्भर्डको निर्माण, आवश्यक ठाउँमा रिटेनिङ वालको काम सकिएको आयोजनाका ईन्जिनियर अनन्त बरालले जानकारी दिए । उनले हालसम्म समग्रमा ७० प्रतिशत हाराहारीमा काम सम्पन्न भएको जानकारी दिए ।

लामो समय बाटोमा हैरानी भोग्न बाध्य बनेपछि शुक्रबार धम्पुस र हेमजाका स्थानीयवासी, जनप्रतिनिधि, आयोजनाका प्राविधिक तथा निर्माण व्यवसायीको छलफलले सडकको तुरुन्त स्तरोन्नति गरी बर्खामा सहज यातायात सञ्चालनको व्यवस्था मिलाउन निर्माण व्यवसायीलाई निर्देशन दिएको छ । छलफलमा निर्माण व्यवसायी राजु रानाभाटले आगामी तीन दिनभित्रमा सडकबाट हिलो हटाएर बाटो सफा गर्ने प्रतिवद्धता जनाए ।

विगतमा ४६ मजदुरले काम गरे पनि बन्दाबन्दीपछि आधाभन्दा कम मात्र रहेको र मेसिन चलाउने अपरेटरसमेत नपाउने अवस्था रहेको बताउँदै उनले हाल स्थानीयवासी तथा यात्रुले भोग्नु परेको समस्या छिट्टै समाधान गरिने जानकारी दिए । लकडाउनले आयोजना सम्पन्न गर्न अझै एक वर्ष थप समय लाग्ने दावी उनको छ । गण्डकी प्रदेशसभा सदस्य रामजीप्रसाद बरालले राष्ट्रिय गौरवको आयोजनालाई सुव्यवस्थितरुपमा सम्पन्न गर्नुपर्ने दायित्व निर्माण व्यवसायी, प्राविधिक तथा स्थानीयवासीको रहेको बताउँदै तात्कालीन समस्यालाई तुरुन्त समाधान गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका थिए ।

## २ वर्षभित्रमा सबै घरधुरीमा आधारभूत खानेपानी

पोखरा, १३ असार (रासस) - कास्कीको अन्नपूर्ण गाउँपालिकाले आगामी २ वर्षभित्र खानेपानी सुविधा नपुगेका सबै घरधुरीमा आधारभूत खानेपानी पुर्‍याउने लक्ष्य लिएको छ । गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममा आगामी २ वर्षभित्रमा खानेपानी सुविधा नपुगेका सबै घरधुरीमा आधारभूतस्तरको खानेपानी पुर्‍याउन संघ, प्रदेश सरकार एवं अन्य गैरसरकारी संघसंस्था सँगको साझेदारीमा 'एक घर, एक धारा' कार्यक्रमलाई निरन्तरता दिई सम्पन्न गरिने उल्लेख छ ।

संघ सरकारबाट स्वीकृत बृहत् लान्कु खानेपानी आयोजनालाई गाउँपालिकाको गौरवको आयोजनाको रूपमा यसै वर्षबाट निर्माण कार्यको प्रारम्भ गरिने अध्यक्ष युवराज कुँवरले जानकारी दिए । सम्पन्न भएका खानेपानी आयोजनाको पानीको मुहान संरक्षण, नियमित आपूर्ति र गुणस्तरीयताका लागि स्थानीय खानेपानी तथा सरसफाइ समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाको दिगोपना कायम गरिने उनले बताए । हालको आधारभूत खानेपानीको व्यवस्थामा सुधार एवं स्तरोन्नति गर्दै पानीको गुणस्तर परीक्षण गरी पालिकावासीलाई शुद्ध खानेपानीको सुनिश्चितता गरिने गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले पालिकाभित्रका विभिन्न खानेपानीका योजना सञ्चालनका लागि आव २०७७/७८ मा १ करोड छुट्याएको उपाध्यक्ष सगुन गुरुङले जानकारी दिइन् ।

## कोरला सडकको ९०...

मुस्ताङको कोबाङदेखि जोमसोम खण्डको कामले भने निरन्तरता पाएको छ । त्यहाँ स्थानीयको अवरोध हटेपछि कामले पूर्णता पाएको हो ।

कोबाङ-जोमसोम खण्डको काम तामाङ गौरी पार्वती कोसी एन्ड न्यौपानेले लिएको थियो । सडकको फिनिसिङको काम पूरा गरी कालोपत्रे गर्ने तयारीमा निर्माण कम्पनी पुगेको करिडोर कार्यालयले जनाएको छ । यसका लागि सडक कालोपत्रे गर्ने बिटामिन र अस्पाल प्लानसमेत ल्याइसकेको छ ।

बेनी-जोमसोम-कोरला सडक २०७४ सालदेखि सुरु भएको हो । ७ प्याकेजमध्ये ३ खण्ड करिडोर सडकलाई हस्तान्तरण भइसकेको छ भने भैते-चराङ अन्तिम चरणमा छ । चैले-भेना सडकको काम पनि धमाधम भइरहेको जनाइएको छ । तर, जोमसोम-कोरला सडकको चराङ-छोसेर २५ किमी सडकको काम भने डेढ वर्षदेखि हुन सकेको छैन । त्यहाँ निर्माण कम्पनीको ढिलासुस्तीले काम रोकिएको हो । त्यहाँ ५० प्रतिशतमात्र काम भएको छ ।

राष्ट्रिय गौरवको आयोजना बेनी-जोमसोम-कोरला सडक अन्तर्गत बेनी-जोमसोम ७६ किलोमिटर सडक ११ मिटर चौडासहित कालोपत्रेको योजना र जोमसोम-कोरला १ सय १० किमी सडक ११ मिटर चौडा ग्राभेल गर्ने योजना रहेको करिडोरले जनाएको छ । जोमसोम-देखि चैले र छोसेरदेखि कोरला नाकासम्म सडक हस्तान्तरण भइसकेकाले कालोपत्रेको पर्खाइमा छ ।


**कर्मचारी आवश्यकता**

यस अरूणोदय दूग्ध उत्पादन तथा नश्ल सुधार सहकारी संस्था लि.लाई कर्मचारी आवश्यक परेको हुँदा इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आब्हान गरिन्छ ।

**एकाउन्टेन्ट-** १ जना
**योग्यता** : बि.बि.एस् / बि.बि.ए वा सो सरह
**मार्केटिङ अफिसर** - १ जना
**योग्यता** : +२ पास
**क्यासियर** - १ जना
**योग्यता** : +२ पास
**रिसेप्सनिष्ट** - १ जना
**योग्यता** : +२ पास
**बजार प्रतिनिधि-** ७ जना
**योग्यता** : एस.एल.सी/एसईई पास
**कार्यालय सहयोगी** - १ जना
**सुरक्षा गार्ड** - १ जना
**योग्यता** : साक्षर

*सेवा तथा सुविधाः संस्थाको नियमानुसार*
*दरखास्त दिने अन्तिम मितिः २०७७/०३/१३ गते कार्यालय समयसम्म*

सम्पर्कः
**अरूणोदय दूग्ध उत्पादन तथा नश्ल सुधार सहकारी संस्था लि.**
पोखरा-१०, उत्तमचोक
फोन नं.: ०६१-५२०११४, ५२०११५



**हार्दिक बधाई**



पोखरा २८ कालिका, बिमिरापानी निवासी हाम्रा प्रिय भाइ **युवराज पौडेल**को पोखरा ३३ निवासी **समिक्षा आचार्य**सँग यही मिति २०७७ असार ११ गते वैवाहिक जीवनमा प्रवेश गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको सफल दाम्पत्य जिवनको कामना गर्दछौं ।

**शंकर पौडेल**
**एस पि ईम्पोरियम**
पन्थी गल्ली, पोखरा-४

**ईश्वर अधिकारी**
पोखरा २८ कालिका



**हार्दिक बधाई**


TM Suyash Malla
President


TM Prakash Dev Palikhe
IPP


TM Baibhav Paudel
VP Education


TM Sujal Shrestha
VP Membership


TM Milan K.C.
VP Public Relations


TM Bishnu Timilsina
Secretary


TM Niran K.C.
Treasurer


TM Srividhya Raghunathan Kayastha
Sergeant-At-Arms

यस **गण्डकी टोस्टमास्टर्स क्लब**को हालै सम्पन्न **दोश्रो अधिवेशन**बाट **वर्ष २०२०/२०२१** को लागि **टोस्टमास्टर सुयश मल्लज्यू**को अध्यक्षतामा निर्वाचित सम्पूर्ण पदाधिकारीज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्दछौं ।

**न्योकस् कन्सर्न प्रा.लि.**
नागढुंगा, पोखरा

**कुमारी यू.पि.भि.सी एण्ड मेटल उद्योग**
रक्षामार्ग, पोखरा

**बिग्राज डाइट एण्ड फिट्नेस् सेन्टर**
नयाँबजार, पोखरा


**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय:** नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com